# प्रेस विज्ञप्ति- ३३१

# Press Release- 331

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ
मिति: २०८०।०३।०१ गते।

## अवैध लागु औषध कारोबार गर्ने ६ जना मानिसहरु पक्राउ

**काठमाण्डौं उपत्यका लगायत बिभिन्न जिल्लाका बिभिन्न स्थानहरुमा लागु औषध कारोवार भईरहेको भन्ने गोप्य सूचनाको आधारमा लागु औषध नियन्त्रण व्यूरो तथा मातहत शाखा कार्यालयहरूबाट व्यापक मात्रामा प्रहरी टोली परिचालन गरी मिति २०८०/०२/२६ गते देखि हाल सम्म संचालन गरिएको कारवाहीमा निम्नानुसारका अवैध लागु औषध कारोबार गर्ने ब्यक्तिहरुलाई अबैध लागु औषध सहित पक्राउ गरी निजहरु उपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सम्मानित जिल्ला अदालतहरुबाट लागु औषध मुद्दामा म्याद थप भई अनुसन्धान भईरहेको।**

- मिति २०८०।०२।३२ गते ला.औ.नि. व्यूरो, कोटेश्वरबाट खटिएको प्रहरी टोलीले जि.काभ्रेपलाञ्चोक बनेपा न.पा. वडा नं. ८ बाट जि.भोजपुर, टेम्केमैयुङ बस्ने बर्ष ३० को लाक्पा शेर्पा र जि.काभ्रेपलाञ्चोक, तेमाल गा.पा. वडा नं. ३ बस्ने बर्ष १८ की संगिता तामाङलाई अवैध **लागु औषध खैरो हेरोईन ६५ ग्राम, डिजिटल तराजु थान १ तथा नगद रु. ३,१९,०००।– (तीन लाख उन्नाईस हजार)** सहित पक्राउ गरी थप अनुसन्धानको लागी ई.प्र.का. बनेपा, काभ्रेपलाञ्चोकमा बुझाईएको।

- मिति २०८०।०२।२६ गते ला.औ.नि. व्यूरो, शाखा कार्यालय बिरगंजबाट खटिएको प्रहरी टोलीले जि.पर्सा, बिरगंज म.न.पा. १६ रजतजयन्ती चोकबाट ऐ.ऐ. वडा नं. ३० बस्ने बर्ष २१ को ओहान हुसेन अन्सारीको साथबाट **नियन्त्रित लागु औषध नाईट्रोभेट १२०० ट्याब्लेट** सहित पक्राउ गरी व.प्र.का. विर्ता पर्साबाट थप अनुसन्धान भई रहेको।

- मिति २०८०।०२।२७ गते ला.औ.नि. व्यूरो, शाखा कार्यालय नेपालगंजबाट खटिएको प्रहरी टोलीले जि. कैलाली, कैलाडी गा.पा. ७ रामपुरबाट ऐ.ऐ. ठेगाना भएका बर्ष ५४ को सुकानु चौधरीको साथबाट **अवैध लागु औषध खैरो हेरोइन ३८ ग्राम ४८० मिलिग्राम** सहित पक्राउ गरी जि.प्र.का. कैलाली, धनगढीबाट थप अनुसन्धान भई रहेको।

- मिति २०८०।०२।२७ गते ला.औ.नि. व्यूरो, शाखा कार्यालय धनुषाबाट खटिएको प्रहरी टोलीले जि. सिरहा, लहान न.पा. १ रमेशचोकबाट ऐ.ऐ. वडा नं. ५ बस्ने बर्ष २६ को मोहमद एकपाल मियाको साथबाट नियन्त्रित लागु औषध डाईजेपाम ५०० एम्पुल, फेनारगन ५००एम्पुल र बुप्रेनोर्फिन ५०० एम्पुल गरी **जम्मा १५०० एम्पुल** सहित पक्राउ गरी ई.प्र.का. लहानबाट थप अनुसन्धान भई रहेको।

- मिति २०८०।०२।३१ गते ला.औ.नि. व्यूरो, शाखा कार्यालय नेपालगंजबाट खटिएको प्रहरी टोलीले जि.बाँके, नेपालगंज उ.म.न.पा. १५ जमुनहाबाट जि.बाँके, कोहलपुर न.पा. १२ चपरगौडी बस्ने बर्ष १८ को ज्ञानेन्द्र बि.क. को साथबाट **अवैध लागु औषध खैरो हेरोइन २० ग्राम** सहित पक्राउ गरी जि.प्र.का. बाँकेबाट थप अनुसन्धान भई रहेको।







**प्रवक्ता/ सूचना अधिकारी**
(चक्रराज जोशी)
प्रहरी उपरीक्षक
सम्पर्क नम्वर : ९८५११३२७४३

Contact no.:014611048, email: ncb@nepalpolice.gov.np, www.ncb.nepalpolice.gov.np, facebook.com/ncb